महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

ताप्ली गाउँपालिका

उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

ताप्ली गाउँपालिका

उदयपुर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

ताप्ली गाउँपालिका

उदयपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजू फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेश लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्या: २०७९।८०
च.नं १५६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ताप्ली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुर ।

कैफियतसहितको राय

हामीले ताप्ली. गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ८७ लाख ८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २९ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५२ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु १ करोड ९९ लाख २१ हजार र पेश्की रू. ६ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु १० करोड २० लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ७ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

ताप्ली गाउँपालिका, उदयपुर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५४	८३	३८७०८	०	०	०	५४	८३	३८७०८	२९२०	१९९२१	१५२६७	०	०	३५१८८	६००

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	पालिका	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
,उदयपुर	ताप्ली गाउँपालिका	१०२०४७	०	०	१०२०४७	०	३८७०८	१४०७५५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ताप्ली गाउँपालिका, उदयपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रामचन्द्र लामा	२०७७-८-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	टिकाराम विश्वकर्मा	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	३८,७०८,१०४.५२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी			१,०६,५०,६४७
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२७,११,३४,१६८	**चालु खर्च**	२७,४०,८९,९२१
प्रदेश सरकारबाट अनुदान	१,६७,४४,०००	**पूँजीगत खर्च**	१४,०८,७०,३२२
राजश्व बाँडफाँट	५,८६,०७,०२५	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	२,३९,५३,३८२		
अन्य आय	६,१५,१३,९७९		
कुल आय	४३,१९,५२,५५४	**कुल खर्च**	४१,४९,६०,२४३
	बाँकी मौज्दात		२,७६,४२,९५८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो गाउपालिका अन्तर्गत ५ वडा रहेका छन्। यो पालिकाको ११९ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या १४५६७ रहेको छ ।	
२			**लेखापरीक्षण** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९ निकायगत लेखापरीक्षण योजना व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत सूचनाको पहुँचमा हुने सीमितता कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था प्राविधिक ज्ञानको सीमितता कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः	
३			**वित्तीय प्रतिवेदन** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः	

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४६२०४८९६८	४३१९५२५५४	०	४३१९५२५५४	४५८४१०६९		४५८४१०६९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३९७९३२०६०	३७०५८१३३९	०	३७०५८१३३९	४४८४१०६९	०	४४८४१०६९
११००० कर	११	६६४६४५६०	६१९३४६७१	०	६१९३४६७१	४४५७८७१६	०	४४५७८७१६
१३००० अनुदान		३१०२७९०००	२८७८७८१६८	०	२८७८७८१६८	०	०	०
संघीय सरकार	१२	२९३५३५०००	२७११३४१६८	०	२७११३४१६८	०	०	०
प्रदेश सरकार	१२	१६७४४०००	१६७४४०००	०	१६७४४०००	०	०	०
१४००० अन्य राजस्व		२११८८५००	२०७६८५००	०	२०७६८५००	२६२३५३	०	२६२३५३
ख. अन्य प्राप्ति		६४११६९०८	६१३७१२१४	०	६१३७१२१४	१००००००		१००००००
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		६१४७९९६	४६०३०००	०	४६०३०००	१००००००	०	१००००००
धरौटी		०	४०३२६६१	०	४०३२६६१	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		५७९६८९१२	५२७३५५५३	०	५२७३५५५३	०	०	०
भुक्तानी (ग+घ)		३९८३५४१६२	४१४९६०२४३	०	४१४९६०२४३	३०२७५६१६१		३०२७५६१६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

ग. भुक्तानी (सञ्चित कोषबाट)		३९२२०६१६६	३६४७७५३३४	०	३६४७७५३३४	२९५९५४४४०		२९५९५४४४०
२१००० पारिश्रमिक / सुविधा	१८	११८१३१०००	११३२१३०८७	०	११३२१३०८७	१०२६९१४७८	०	१०२६९१४७८
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१०८१४६०००	१०१६७१४५९	०	१०१६७१४५९	५९०८५१८६	०	५९०८५१८६
२५००० सहायता (Subsidy)	१८	९००००	९००००	०	९००००	५३६४९१४	०	५३६४९१४
२६००० अनुदान	१८	०	०	०	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	५२६००००	१९९९९८०	०	१९९९९८०	२३७१५३४	०	२३७१५३४
२८००० अन्य खर्च	१८	९०००००	७८५३८०	०	७८५३८०	८८२८०५	०	८८२८०५
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१५३५३४०६०	१४०८७०३२२	०	१४०८७०३२२	१२५५५८५२२	०	१२५५५८५२२
अन्य भुक्तानी		६१४५१०६	६१४५१०६	०	६१४५१०६			
घ. अन्य भूक्तानी		६४११६९०८	५०१८४९०९	०	५०१८४९०९	३०२७५६१६१		३०२७५६१६१
कोषहरु		६१४७९९६	५११६७५१	०	५११६७५१	६३४५१७६	०	६३४५१७६
धरौटी			५२१७५७	०	५२१७५७	४५६५४५	०	४५६५४५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	५७९६८९१२	५२७३५५५३	०	५२७३५५५३	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		०	-८१८९१५२	०	-८१८९१५२			
सटही हुन बाँकी चेक			०	०	०			

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>-५०००००</td><td>१६९९२३११</td><td>०</td><td>१६९९२३११</td><td>-२५६९१५०९१</td><td></td><td>-२५६९१५०९१</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>१०६५०६४७</td><td>०</td><td>१०६५०६४७</td><td>९१०९४४३८</td><td></td><td>९१०९४४३८</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>-५०००००</td><td>२७६४२९५८</td><td>०</td><td>२७६४२९५८</td><td>-१६५८२०६५४</td><td></td><td>-१६५८२०६५४</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>२७६४२९५८</td><td>०</td><td>२७६४२९५८</td><td>१९६३१७३९</td><td></td><td>१९६३१७३९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षण</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु ४२०३८७१२ एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमतर्फको रु १०६९६८४१।२९ साथै पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न सोधभर्ना लिनेगरी रु ३०००००० सानाँ सिँचाई कार्यक्रमको रु ७४६१४२.०० र प्रणय कन्ट्रक्सनलाई विद्युत विस्तार वापतको भुक्तानी १७१६९५४.९० धरौटी फिर्ताको रकम रु ५२१७५७ र करकट्टी दाखिला ६८२००९।०५ लगायतका खर्च समेत सुत्र प्रणालीवाट लेखाङ्कन गरेको देखिएन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । सुत्रको प्रयोग नगरी समेत खर्च लेखेको देखिएकोले सुत्रप्रणालीले यथार्थ चित्रण गर्दैन। प्रणाली मार्फत लेखाङ्कन गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाको निम्न अनुसारका खातावाट स्थानिय संचितकोष खातामा स्थानान्तरण गरेको देखिएन। कानुनमा व्यवस्था भए वमोजिम रकम स्थानिय संचितकोषमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>खाता</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>ग २.१ चालू खर्च खाता- विजोर वर्ष</td><td>१०६९०७४०।२२</td></tr><tr><td>ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>६६५७०६०।०७</td></tr></table></td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>पालिकाको गत वर्षको वित्तिय प्रतिवेदन अनुसार गत आर्थिक बर्षको अन्तिम मौज्दात रु ५९०६४४०६ रहेकोमा फिर्ता गर्न बांकी रकम रु ११३९७८४६।९१ सटही हुन वांकी चेकको रु ४८७९२४७ दायित्व वांकी रु ९१२९००४।४१ भौचर नं ५५-२०७८।१०।७ मा गतको अल्या आम्दानी जनाएको रु २०७६८५०० पालिकाले यस बर्षको वित्तिय प्रतिवेदनको सुरु मौदात रु १०६५०६४७ जिम्मेवारी सारेको देखिएकोले रु २२३९१६१।५९ घटि जिम्मेवारी सारेको देखिएकोले हिसाव मिलान गर्नु पर्ने रु</td><td>२२३९१६१.५९</td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>पालिकाले निम्नअनुसारको शिर्षकमा धरौटी वापतको रकम कट्टा गरी राखेको देखिएकोमा धरौटी खातामा ट्रन्फर गरी आम्दानी जनाउनुपर्ने देखिन्छ।
<table><tr><td>शिर्षक</td><td>धरौटी कट्टी रकम</td></tr><tr><td>ताप्ली गाउँपालिका पुंजीगत</td><td>१६२६१६७।७०</td></tr><tr><td>संघिय सरकार हस्तान्तरीत कार्यक्रम पुंजीगत</td><td>२५४९८८।१</td></tr><tr><td>प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम पुंजीगत</td><td>४९५१५६।५४</td></tr><tr><td>जम्मा</td><td>२३७६३१२।३४</td></tr></table></td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको स्रेस्ता भन्दा बैकमा रु १५०७८६८६ बढि मौज्दात देखिएकोमा हिसाव मिलान विवरण तयार गरेको देखिएन।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
ग १.१ आन्तरिक राजस्व खाता	०	३८९५७५१	-३८९५७५१
ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	२२८१८४२	-२२८१८४२
ग २. २ चालु खर्च खाता	६६४५२१	०	६६४५२१
ग २.१ चालू खर्च खाता- विजोर वर्ष	-२४७९०	०	-२४७९०
ग २.१ चालू खर्च खाता- विजोर वर्ष	१०६९०७४०	१०५११४८४	१७९२५७
ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष	६६५७०६०	१०३४६१८५	-३६८९१२५
धरौटी खाता	३५१०९०५	३५१०९०४	१
ग २.७ विविध खर्च खाता	२६२५१	२०१२८९	-१७५०३८
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	११०६९२१०	११५५६७४३	-४८७५३२
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	६३११२५	४१७४४६	२१३६७९
बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]	-७५७७४६७		-७५७७४६७
बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]	१९९५४०३		१९९५४०३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा; २७६४२९५७; ४२७२१६४३; -१५०७८६८६	
४.६			वित्तीय प्रतिवेदन अनुसार बर्षको आर्थिक बर्षको अन्त्यसम्मपनि कट्टी रकम भुक्तानी गर्न तथा दाखिला गर्न बांकी रु ८१८९१७२ देखाएकोमा धरौटी भुक्तानी तथा आम्दानी नगरेको रु २३७६३१२।३४ कर रु ५७२७२५५ दाखिला गरेको देखिएकोले बांकी रु ८५६०४।६६ हिसाव यकिन गरी सम्वन्धित खातामा आम्दानी जनाउने वा दाखिला गर्नुपर्ने रु	८५६०५
५			**बजेट तथा कार्यक्रम**	
५.१			स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले असार १० गते मा पेश भई असार २९ गते सभावाट पारित गरेको छ। तर अध्यक्षले प्रमुख प्रशाककीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति२०७८।४।४ मा मात्र प्रदान गरेको देखियो।	
५.२			अवण्डा - स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले गाउँपालिका भवन निर्माण शोधभर्ना अल्यामा रु २०७६८५०० विनियोजन गरी विभिन्न ८ वटा योजनामा र चालु प्रकृतिको खर्चमा रु ३६१६०९९ भौतिक पुर्वाधार विकासमा रु ९५००००० विनियोजन गरी विभिन्न ४७ वटा योजनामा रु ९४८१८५० खर्च गरेको छ। साथै म्याचिङ फन्डमा रु १०००००००० विनियोजन गरी विभिन्न योजना तथा कार्यक्रम र चालु प्रकृतिका खर्च गरेको देखियो। पालिकाले अवण्डा राखी गाउँ कार्यापालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गर्ने गरेको देखिन्छ । गाउँ सभाबाट कार्यक्रम पुर्व स्वीकृत नगराई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.३			बजेट तथा कार्यक्रम तर्जुमा समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७(१) मा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । तर पालिकामा यस सम्वन्धमा समितिको वैठक वसेको देखिएन।	
५.४			स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ रकमान्तर गर्ने सम्वन्धि व्यवस्था गरेको छ। तर पालिकाले गाउँपालिका भवन निर्माण शोधभर्ना अल्यामा विनियोजित रकमवाट विद्यालयका निजी स्रोत तर्फको शिक्षकको तलव भुक्तानीका लागि पुँजिगत कार्यक्रमवाट चालु प्रकृतिको कार्यक्रममा रु ३०४८००० तथा गाउँपालिका भवन निर्माण शिर्षकवाट चालुप्रकृतिको निम्नअनसारको रु १२५७८५७ खर्च गरेको अनियमित देखिएको रु	४३०५८८७

मिति	भौ. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विवरण	रकम
१९-०३-७९	३७०	गाउँपालिका भवन निर्माण	ह स चा कैलाश थापालाई सवारी मर्मत तथा ईन्धन	५०११९.००
२४-१२-७८	२०६		सुनकोशी आयल स्टोर्सलाई ईन्धन	३१०८४.००
२५-१२-७८	२१५		ह स चा कैलास थापालाई ईन्धन खरिद	१५६२२.००
१६-०१-७९	२५३		माछापुच्छ्रे होलिडे ईनलाई बिबिध खर्च बापत	९४९७६.००
१८-०२-७९	२७१		होटल ब्यवसायी चन्द्रमाया श्रेष्ठलाई विविध खर्च	४४८४५.००
१६-०१-७९	२५६		होटल ब्यवसायी गणेश पौडेललाई बिबिध खर्च	१७१५०.००
१४-०३-७९	३२५		ट्याक्टर सहचालक नविन खड्कालाई बिबिध खर्च बापत	१५१९५.००
१३-०१-७९	२२१		सवारी धनि रन्जित पौडेललाई भाडा	३३०००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१३-०१-७९	२२३		सवारीधनि रन्जित पौडेललाई भाडा बापत	२२०००.००	
			०९/१२/१९ ७८	२१०		शुभानी एड्भटाईजिङलाई नोटिस बापतको रकम भुक्तानी गरियो । -	२३३४०२	
			२४-१२-७८	२०८		सुभानी एड्भरटाईजिङ्ग प्रा लि लाई बिज्ञापन बापत	२३३४०२	
			१४-०३-७९	३२७		स्वास्थ्य संयोजक राजेश दनुवारलाई बिबध खर्च बापतको रकम भुक्तानी गरियो । -	११५९००	
			०१/१२/१९ ७८	११६			९७६७२.००	
			१३-१२-७८	१२७		इकनिका मिडिया प्रा लिलाई सुचना प्रकासन बापत	४८०००.००	
			१३-१२-७८	१२५		सोलुसन खवर मिडया ग्रुप प्रा लि लाई सुचना बापत	३५०००.००	
			१३-१२-७८	१३२		नेपाल न्युज नेटवर्क ईन्टरनेशनल प्रा लि लाई सुचना प्रकासन बापत	२५०००.००	
			१३-१२-७८	१२६			२२०००.००	
			१६-०१-७९	२५५		स्टोर्स सहायक चौथो लोक बहादुर थापालाई बिभिन्न खर्च बापत	२१६००.००	
			१३-१२-७८	१३१		बरुवा टाईम्सलाई सुचना प्रकासन बापत	२००००.००	
			२४-१२-७८	२०१		अपरेटर प्रदिप कुमार खड्कालाई बिभिन्न खर्च बापत	२००००.००	
			१३-१२-७८	१२९		अमृर्त मिडिया प्रा लिलाई सुचना प्रकासन बापत	१५०००.००	
			१३-१२-७८	१३०		अमुर्त रेडीयो प्रा लिलाई सुचना प्रकासन बापत	१५०००.००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३-१२-७८</td><td>१२८</td><td></td><td>रातो तारा डट कमलाई सुचना प्रकासन बापत</td><td>१२०००.००</td></tr>
<tr><td>१८-०२-७९</td><td>२७०</td><td></td><td>खा पा स टे केशब प्रसाद पौडेललाई बिभिन्न खर्च बापत</td><td>११०००.००</td></tr>
<tr><td>१९-०२-७९</td><td>२७५</td><td></td><td>स्टोर्स लोक बहादुर थापालाई बिभिन्न खर्च बापत</td><td>८८९०.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१२५७८५७.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर प्रदेश स्तर जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु व्यवस्था गरेको छ। पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५.७</td><td></td><td></td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः स्थानीय सरकार संचलान ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कुल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकीकरण विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
६			**कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन १६ वटा ५ वटा नियमावली ७ वटा कार्यविधि लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
७			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसारयो बर्ष ६ वटा दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
८			**कर्मचारी दरबन्दी तथा पदपूर्ति** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित ३३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र अनावश्यक पदहरुमा नियुक्ति दिँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>कर्मचारी अवकाश कोष
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>करार कर्मचारी
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी करार पदमा २८ जना कर्मचारीहरु करारमा राखी रु. ९७८७८५० /- खर्च लेखेको छ ।
त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालय सहयोगी पलम्बर इलेक्टीसियन चौकिदार मालि बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने र सो वाहेक अन्य पदमा करार सेवाबाट पदपूर्ति गर्न नपाइने उल्लेख छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको इन्जिनियर कृषि सहायक भेटनरी सहायक सव इन्जिनियर(पाँचौ तह) असिस्टेण्ड सव इन्जिनियर मुखिया लगायतका ५ जना करार नियुक्ति गरी रु २४१५८३० भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.</td><td>२४१५८३०</td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा प्रवाह
स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिसघरबाटोनाता प्रमाणितपञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथाअन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र. सं .</th><th>सेवा प्रवाहको विवरण</th><th>सेवा प्राप्तिको लागि प्राप्त निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>२२३</td><td>२२३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>३७</td><td>३७</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>१३९</td><td>१३९</td></tr>
<tr><td>४</td><td>जन्म मृत्यू तथा विवाह दर्ता</td><td>३८७</td><td>३८७</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>४९८</td><td>४९८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको
भ्रमण खर्च व्यवस्थापनतर्फ- भ्रमण खर्च नियमावली २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको देखिएन नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन।
खरिद व्यवस्थापन तर्फ- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो। • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन नगरेको • शिक्षातर्फ - स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन । शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राखुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन। संस्थागत विद्यालयहरूको दर्ता नविकरणशुल्क निर्धारण अनिवार्य निशुल्क छात्रवृत्ति वर्गिकरण अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन। • आन्तरीक आय तर्फ - पालिकाले एकिकृत सम्पति कर तथा व्यवसाय करदाताको लगत तयार गरी नियमित रुपमा कर तिर्ने र कर तिर्न बांकी रहेका करदाताको विवरण अध्यावधिक गरी कर नतिरेकावाट कर संकलन गर्नुपर्नेमा पालिकाले सोको लगत नै राखेको देखिएन। विविध तर्फ- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन। कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको. विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन।	
१२.२			बेरुजु लगतः म. ले. प. फाराम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन।	
१२.३			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक गरी राखेको देखिएन।	
१२.४			सूचना प्रविधी पद्दतिः सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।	
१२.५			म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन।	
१३			**सम्पत्ति उपयोग र संरक्षण**	
१३.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.२			पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन।	
१३.३			सार्वजनिक निकायले मालसामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकामा यस बर्ष खरिद गरेको माल सामान सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेख अध्यावधिक नरहेको सहायक जिन्सी खाता अध्यावधिक नहुदा मुल्यवान सामान क-कससंग रहेको यकिन गर्न सकिने गरी जिन्सी अभिलेख राखेको देखिएन । साथै वडा कार्यालयले खरिद गरेको जिन्सी सामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेखिकरण गरेको देखिएन। वडागत सामान तथा विगतका सम्पुर्ण सामान सरकारी सम्पत्ती व्यवस्थापन प्रणालीमा अभिलेख राख्नुपर्दछ।	
१३.४			कार्यालय प्रमुखले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियावलीको नियम ९९ बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदन पेश भएन।	
१३.५			पालिकासंग १ ।१ थान जेसिवि र ट्याक्टर संचालनमा रहेकोमा मर्मत आदेश तथा लागत अनुमान तयार नगरी मर्मत कार्य गराई निम्न अनुसारको रु १५९९५९५ खर्च गरेको देखियो। साथै मर्मत पस्चातका सामान जिन्सी दाखिला गरेको देखिएन। उक्त मेसिको आम्दानी तथा खर्चको छुट्टै देखिनेगरी अभिलेख राखेको देखिएन। उक्त मेसिनवाट आय प्राप्त गरेको देखिएन। साथै वर्ष भरीमा गरेको कामको विवरण नापजाँच गरी राखेको देखिएन। तशर्थ पालिकाले आम्दानी खर्च देखिनेगरी छुट्टै अभिलेख राख्नुपर्ने देखिन्छ। मिति: २०७९।३।१९ — भौ. नं.: १४ — रकम: २७१५२९	

मिति	भौ. नं.	रकम
२०७९।३।१९	१४	२७१५२९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७९।२।१८</td><td>२७३</td><td>२६१२४०</td></tr>
<tr><td>२०७८।१२।९</td><td>२०७</td><td>३२२४५४</td></tr>
<tr><td>२०७८।१२।१४</td><td>१३७</td><td>१२६१००</td></tr>
<tr><td>०२-११-७८</td><td>४७</td><td>८५८३.००</td></tr>
<tr><td>०९-११-७८</td><td>६२</td><td>१६२३८१.</td></tr>
<tr><td>०१-१२-७८</td><td>११८</td><td>३२१२०७.५२</td></tr>
<tr><td>१४-१२-७८</td><td>१३७</td><td>१२६१००.</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५९९५९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>अनुदान</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान — स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले लालिगुराँस महिला सहकारी भवन निर्माण कार्यका लागि अनुदान दिएको नियमसम्मत नदेखिएको रु.</td><td>३८७३१८</td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>पालिकाले सशर्त तर्फ जुन कार्यक्रमकालागि रकम प्राप्त गरेको हो सोही कार्यक्रमा खर्च गर्नुपर्दछ। तर पालिकाले नविकरणीय उर्जा प्रविधि जडान कार्यकोलागि संघिय हस्तान्नरीत कार्यक्रम तर्फको रकमवाट रु १००००० फर्निचर खरिद गरेको देखिएकोले अनियमित देखिएको रु</td><td>१०००००</td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>सशर्त तर्फको कार्यक्रममा विनियोजित रकम जुन प्रयोजनकालागि रकम निकासा भएको हो सोहि प्रयोजनमा खर्च गर्नुपर्दछ। प्रदेश सरकारवाट हस्तान्तरीत कार्यक्रम तर्फ राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार गर्न प्रदेशले पठाएको रकम सोही प्रयोजनमा</td><td>१००००००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्च गर्नुपर्नेमा सो रकमवाट पालिकाले सवै नागरीकलाई विद्युत मिटर वितरण गर्न प्रदेश सशर्त तर्फवाट नेपाल विद्युत प्रधिकरण संग रु १०००००० को मिटर खरिद गरी वितरण गरेको नियमसंम्मत नदेखिएको रु	
१४.४			पालिकाले संघिय सशर्त अनुदात तर्फको प्राप्त रकम मध्ये खर्त नभई वांकी रहेको फिर्ता गर्नुपर्ने देखिएको रकम रु ६७१८७८२.३९ रहेकोमा रु ६५४३४६९ फिर्ता गरी वांकी रु १७५३१३ रकम फिर्ता गर्न बांकी रहेको देखिएकोले सो रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु	१७५३१३
१५			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु २७६५७५१ खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
१६			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आर्थिक सहायता वितरणसम्वन्धमा उल्लेखभएको छैन।आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड सीमा र कार्यविधी कार्यपालिकाले गाउपरिषदबाट पारित गरी लागूगरेको पनि देखिएन।आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा पालिका प्रमुखको तोकआदेश तथा कार्यपालिकाको निणर्यद्धारा यसवर्ष रु.१९९९९८०।-सहायता वितरण गरेको पाइयो।आर्थिक सहायता वितरण गर्ने मापदण्ड सीमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकता अनुसार मितव्ययी रुपमा तोकिएको सीमाभित्र वितरण गर्ने र सोको विवरण सार्वजनिक गर्नुपर्नेतर्फ गाउपालिकाको ध्यानजानुपर्दछ।	
१७			**विद्यालय अनुगमन** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पऱ्याउनुपर्ने देखिन्छ ।	
१८			**धरौटी फिर्ता**	५२१७५७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यलयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले मिति १/०७८/६/१३ वाट भुष्नाम्छा कन्स्ट्रक्सन लाई धरौटी फिर्ता गर्दा कर समायोजन बेगर नै धरौटी फिर्ता गरेकोले कर समायोजन पेश गर्नुपर्ने रु	
१९			**कोभिड-१९ तर्फ** पालिकाले कोभिड-१९ को नियन्त्रण रोकथाम तथा उपचारको लागि यो वर्ष प्रकोप व्यवस्थापन कोषबाट रु. ३३९२४२१ /- खर्च गरेको छ । कोभिड-१९ को नियन्त्रण तथा रोकथाम गर्न खरिद भएका औषधि एवं उपकरणको प्रयोग तथा भाडामा लिइ संचालन गरको एम्बुलेन्स सम्बन्धमा कुनै कार्यविधि नबनेकोले यसको प्रभावकारी सदुपयोग भएको भन्न सक्ने अवस्था छैन । कोभिड-१९ नियन्त्रण सम्बन्धमा अद्यावधिक अभिलेख नरहेकोले विश्लेषण गर्न सकिएन । सि नं | खर्चको विवरण | खर्च रकम १ | कोभिड १९ नियन्त्रणमा खटिएको कर्मचारीलाई जोखिम भत्ता भुक्तानी | १५४४२२२ २ | पिपिई माक्स सेनिटाइजर लगायतका सामाग्री खरिद | ६८३२९९ ३ | एम्बुलेन्स भाडामा संचालन गरी भुक्तानी | ६००००० ४ | अन्य विविध खर्च | ५६४९०० | जम्मा | ३३९२४२१	
२०			**ठेक्कागत अभिलेख** ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ वमोजिमको लगत राखेको देखिएन।	
२१			**पेश्की**	६०००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्योट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्योट भएको देखिएन । निम्न अनुसारको पेश्कीको तोकिएको समय भित्र फछ्र्योट नगरेको पेश्की जमानतको म्याद समेत सकिएको अवस्थामा पेश्की जोखिममा परेको रु
<table>
<tr><th rowspan="3">पेश्की लिएको मिति</th><th rowspan="3">गो. भौ. न.</th><th rowspan="3">पेश्कीको विवरण</th><th rowspan="3">पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th colspan="3">चालु आ. व.</th></tr>
<tr><th colspan="2">म्याद ननाघेको</th><th rowspan="2">म्याद नाघेको</th></tr>
<tr><th>रकम</th><th>फछ्र्योटको अन्तिम म्याद</th></tr>
<tr><td>२०७८/१२/२२</td><td>३६</td><td>भार्ताखोलापुल्टार ओडारे ताप्ली गाउँपालिका उदयपुर</td><td>पुल्टार ओडारे बाच्छाङ्ग झो.पु. उ.स.</td><td></td><td>२०७९/०१/२७</td><td>६०००००.</td></tr>
<tr><td>२०७८/१०/२५</td><td>१</td><td>एकिकृत स्वास्थ्य पुर्वाधार निर्माण</td><td>रौताहा कन्स्ट्रक्सन प्रा.लि.</td><td>२२९००००</td><td>२०७८/११/२६</td><td>०.००</td></tr>
<tr><td colspan="4"></td><td>२२९००००</td><td>०</td><td>६०००००.</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता
स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई भयो गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजस्व असुलीमा प्रयोग हुने रसिद उपयुक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**राजश्व** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ मागाउपालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ ।ऐनको दफा ६२ (ख) मा सामुदायिक वनले वन पैदावारको विक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनबाट राजस्व प्राप्त भएको छैन।गाउपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयबाट प्राप्त रकमकोशीर्षकगत विवरण नराखेको कारण कुनशीर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरीउठाउनुपर्नेमा उठाएको छैनराजस्व आर्जन तर्फ कानूनको व्यवस्था अनुसार लगत अद्यावधिक गरी असुल कार्य गर्नुपर्दछ ।	
२४			**इन्धन खर्चको मापदण्ड** प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु २०७८२९३ खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।	
२५			**सुचना प्रकाशन** यस वर्ष पालिकाले विभिन्न मिडियाहरुमा सूचनाप्रकाशन तथा प्रसारण वापत रु १३७७७८८ खर्च गरेको छ।पालिकाले आर्थिक वर्षको सुरुआतमा नै सुचना प्रकाशन सम्वन्धमा दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । गाउपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरु मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरु बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरुबीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
२६			**शिर्षक फरक पारी खर्च** आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन वमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्विकृत भएको रकम सो सेवा तथा कार्यका निमित्त स्विकृत सिमा भित्र रही सोहि	१२८८८५८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले निम्नानुसारका भुक्तानीमा शिर्षक फरक पारी खर्च गरेको रकम नियमानुसार नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं /मिति</th><th>भुक्तानी भएको विवरण</th><th>भुक्तानी शिर्षक</th><th>रकम</th></tr>
<tr><td>६५०/०७९/३/२४</td><td>करारका कर्मचारीहरुको तलव</td><td>पदाधिकारी बैठक भत्ता रु ३५९१२० आलुखेती पकेट कार्यक्रम रु ३५७३४३कृतिम गर्भधारण सम्वन्धी तालिम रु ७१०००रेविज खोप ३११३०महिला स्वयंम सेविका यातायात खर्च १००००</td><td>८२८५९३</td></tr>
<tr><td>६५१/०७९/३/२४</td><td>स्थाइ कर्मचारीहरुको तलव</td><td>आलुखेती पकेट कार्यक्रम रु १४२६५७न्यायिक समिति रु ३१७६०८</td><td>४६०२६५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२८८८५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आन्तरिक लेखापरीण वाट देखिएका व्यहोराहरु
स्थानिय सरकार संञ्चालन ऐन २०७४को दफा ७७(२)मा स्थानिय तहले कानुन बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै ७७(३) मा आन्तरिक ले.प.ले औंल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम ले.प.हुनु भन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आन्तरिक लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु सम्वन्धमा कारवाही अगाडी बढाएको देखिएन। आन्तरिक लेखा परीक्षण ले औंल्याएका व्यहोरा निम्न वमोजिम छन् ।
बैठक भत्ता
स्थानीय सरकार संचालन ऐन २०७४ मा कार्यालयको कामको सिलसिलामा विभिन्न किसिमका निर्णय र निर्देशन गर्नका निम्ति नियमित रुपमा आवश्यकता अनुसार कार्यालय समय भन्दा वाहेक वैठक बसी नियमानुसार भत्ता भुक्तानी लिन मिल्ने व्यवस्थामा</td><td>१७०५१०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएकोमा कार्यालयले गौ भौ नं १३६ मा पदपुर्ति समितिको वैठक भत्ता वापत भुक्तानी दिदा एकै दिनमा दुई वटा भन्दा वढी वैठक वसेकोमा सवै वैठक वापत भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रकम सम्वन्धित वाट असुल हुनु पर्ने रु	

कर्मचारीको नाम	भुक्तानी बैठक संख्या	पाउने बैठक संख्या	बढी भुक्तानी बैठक संख्या	बैठक दर	बढि भुक्तानी रकम कर वाहेक
रामचन्द्र लामा	३१	६	२५	१०००	२१२५०
नवराज राउत	२६	६	१९	१०००	१६१५०
संजु दाहाल	३१	६	२५	१०००	२१२५०
चन्द्रेश्वर शर्मा	३१	६	२५	१०००	२१२५०
विकल सिंह ठकुरी	२७	६	१९	१०००	१६१५०
टिकाराम विश्वकर्मा	२७	६	१९	१०००	१६१५०
रोहित सिंह	५	४	१	१०००	८५०
गोविन्द खड्का	९	२	७	१०००	५९५०
सरोज मल्ल	७	२	५	१०००	४२५०
लक्ष्मी पट्टेल	१६	४	१२	१०००	१०२००
पविन्द्र खड्का	३१	६	२५	६००	१२७५०
खेमा फुयाल	२५	६	१९	६००	९६९०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कृष्ण हरी थापा</td><td>८</td><td>४</td><td>४</td><td>१०००</td><td>३४००</td></tr>
<tr><td>युवराज विक</td><td>३</td><td>२</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>रुद्र नारायण श्रेष्ठ</td><td>३</td><td>२</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>शम्भु माले</td><td>१२</td><td>६</td><td>६</td><td>६००</td><td>३०६०</td></tr>
<tr><td>बालकृष्ण गुरागाई</td><td>६</td><td>२</td><td>४</td><td>१०००</td><td>३४००</td></tr>
<tr><td>कृष्ण कुमारी बस्नेत</td><td>१२</td><td>६</td><td>६</td><td>६००</td><td>३०६०</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>१७०५१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण वाट देखिएका व्यहोराहरु
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले गौ भौ नं २६७ वाट सगरमाथा वर्क सपलाई मर्मत वापत भुक्तानी रु ४९७०५ भुक्तानी दिएको देखिन्छ । तर बिलमा रु ३३०५० मात्र रहेकोले बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु</td><td>१६६८०</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>प्रशिक्षण भत्ता
कार्यक्रम खर्चः प्रदेश नं १ सार्वजनिक खर्चको मापदणड कार्यविधि र मितव्ययितासम्वन्धि निर्देशिका२०७५ को दफा (६) मा प्रशिक्षण भत्ताको मापदण्ड तय गरेको छ। साथै उक्त दफामा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक पाउने छैनतर कार्यपत्र वापतको रकम पाउने व्यवस्था रहेको छ। कार्यालयले देहायका प्रशिक्षण कार्यहरुमा कार्यालयको आन्तरिक श्रोत व्यक्तिलाई भुक्तानी गर्दा फरक दरले भुक्तानी गरेको पाईएकोले बढी भुक्तानी सम्वन्धित वाट असुल गरी दाखिला गर्नु पर्ने रु</td><td>५४४००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

गो.भौ.नं/मिति	कर्मचारीको नाम	कार्यक्रम	सेसन संख्या	भुक्तानी दर	भुक्तानी हुनुपर्ने दर	बढी भुक्तानी कर वाहेक
६२१/०७९/३/२१	रामचन्द्र लामा	शिक्षकहरुको लागि आधारभुत कम्प्युटर तालिम	५	२०००	१०००	४२५०
६२१/०७९/३/२१	सन्जु कुमारी दाहाल	शिक्षकहरुको लागि आधारभुत कम्प्युटर तालिम	१०	२०००	१०००	८५००
६२१/०७९/३/२१	विकल सिंह ठकुरी	शिक्षकहरुको लागि आधारभुत कम्प्युटर तालिम	१३	२०००	१०००	११०५०
६२१/०७९/३/२१	टिकाराम वि क	शिक्षकहरुको लागि आधारभुत कम्प्युटर तालिम	४	२०००	१०००	३४००
६२१/०७९/३/२१	चन्द्रेश्वर शर्मा	शिक्षकहरुको लागि आधारभुत कम्प्युटर तालिम	५	२०००	१०००	४२५०
६२१/०७९/३/२१	अभिनास सेन	शिक्षकहरुको लागि आधारभुत कम्प्युटर तालिम	१२	२०००	१०००	१०२००
१५/०७९/३/२१	सन्जु कुमारी दाहाल	बालविवाह न्युनिकरणका लागि कशोरी सशक्तिकरण तालिम	१५	२०००	१०००	१२७५०
		जम्मा				५४४००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>प्रारम्भिक वातावरणीय परीक्षण (आइ ई ई) खर्चः
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(क) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुंगा गिट्टी. बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदिजन्य पदार्थ उत्खननका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइ ई ई)गरी रु. ९९८०१६।— खर्च गरेको छ । पालिकाले नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन गरेको पाइएन । यसरी ठेक्का व्यवस्थापन नगर्दा आइ.ई.ई.ले अनुमान गरेको राजस्व प्राप्त भएन भने आइ. ई.ई. गरी भुक्तानी दिएको खर्च रकमको औचित्य देखिएन ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>वितरणमुखी कार्यक्रमः
पूँजी निर्माणमा सहयोग नरहने उत्पानमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था समूहलगायतलाई कार्यक्रम र प्रपोजलको आधारमा पालिकाले भुक्तानी गराएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ मा समेत पूँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था समूह पर्व जात्रा यात्रा विरामी संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी आधार समेत देखिन्दैन । यस गाउँपालिकामा लक्षित समूहको बजेटबाट विभिन्न वितरणमूखी योजना कार्यान्वयन गरी खर्च गरेको र वितरण गरेका विभिन्न सामाग्री सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । केही उदाहरणहरु निम्नानुसार छन्
<table>
<tr><th>गो.भौ. नं.</th><th>भुक्तानि प्राप्त गर्न व्यक्तिको/संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>२२८-२०७९।२।२७</td><td>नेपाल आदिवासी जनजाती महासंघ ताप्ली</td><td>संस्कृतिक जगेर्ना सम्बन्धी सामाग्री खरिद</td><td>५०००००</td></tr>
<tr><td>१६३-२०७८।१२।१७</td><td>सुनखरी सामुहिक महिला समूह</td><td>क्षमता अभिवृद्धि कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td>१९४-२०७८।१२।२३</td><td>सूर्योदय पालिका स्तरीय महिला सहकारी संस्था</td><td>नारी दिवस तथा क्षमता अभिवृद्धि</td><td>१५००००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३९५-२०७९।३।९ पुष्पाञ्जली महिला संस्था बाख्रा खरिद तथा वितरण २०००००	
३२			**भ्रमण खर्च** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु २७४३१३६ भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन भ्रमण अभिलेख तथा प्रतिवेदन नराखि खर्च गर्ने गरेको स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानीको प्रयोजन स्पष्ट हुने गरी खर्च गर्नु पर्दछ।	
३३			**मर्मत खर्च** सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्तिफर्मकम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु १५०००००खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी मर्मत आदेश वेगर खर्च गरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**अनुगमन भत्ता** गाउँ तथा नगर सभामा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसुची १(क) मा गाउपालिकाका पदाधिकारीले मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरि पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको पदाधिकारीहरुको अनुगमन भत्ता भुक्तानी गर्दा अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन भत्ता भुक्तानी दिएको हुदाँ प्रतिवेदन पेश हुनुपर्ने रु पद — अनुगमन भत्ता अध्यक्ष — ११०००० उपाध्यक्ष — ११०००० वडा अध्यक्ष — २२०००० का.पा.सदस्य — १३२००० जम्मा — ५७२०००	५७२०००
३५			**कानूनी सल्लाहकार** स्थानीय सरकार संचालन ऐन २०७४ तथागाँउ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५मा कानुनी सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गरेको छैन । गाउँपालिकाले कानुनी सल्लाहकार श्री नमस प्रसाद उपाध्याय अधिकारी लाई मासिक रु. १८००० पारिश्रमिक दिने गरी सम्भौता भएकोमा कानूनमा व्यवस्था नभएको सल्लाहकार नियुक्त गरी गाउपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको नियसंगत नदेखिएको रु	२१६०००
३६			**शिक्षा तर्फ**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी तथा पदपूर्तिः यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये स्थायी</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>विभिन्न ६० विद्यालय</td><td>१४०</td><td>१४०</td><td>४९</td><td>९१</td><td>४९५५</td></tr>
</table>
उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा पालिकामा प्रति शिक्षक औषतमा ३५ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दीको असमान वितरण भएको देखिदा पालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३६.२</td><td>१३५</td><td>२०७९-१-१५</td><td>छात्रवृत्तिः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छात्रवृत्ति वापतको रकम वितरण गर्दा देहायको विद्यालयमा निकासा भएको रकम भन्दा कम वितरण भएकोले बाँकी रहेको रकम असुल उपर गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र. सं .</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>वितरणको भरपाई पेश भएको</th><th>बाँकी रकम</th></tr>
<tr><td>१</td><td>मावि झिल्केपोखरी</td><td>६३२००</td><td>४५२००</td><td>१८०००</td></tr>
<tr><td>२</td><td>आ. वि . थुम्की</td><td>५४८००</td><td>४८८००</td><td>६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११८०००</td><td>९४०००</td><td>२४०००</td></tr>
</table></td><td>२४०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.३</td><td>१३५</td><td>२०७९-१-१५</td><td>शिक्षण सहयोग अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं. २.६.१३.४१ मा आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान दिने व्यवस्था रहेको र विद्यालयमा निकासा गर्दा प्रति शिक्षक मासिक २८२००/- का दरले १२ महिनाको निकासा गर्ने उल्लेख छ । पालिकाले देहायको विद्यालयमा शिक्षक नियुक्ति गरेको समय समेत गणना नगरी एकमुष्ठ रकम निकासा गरेकोले सम्बन्धित विद्यालयबाट असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>क्र. सं .</th><th>विद्यालयको नाम</th><th>निकासा भएको रकम</th><th>शिक्षक नियुक्ति भुएको मिति</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>जनता आ. वि .</td><td>२२५६६८</td><td>२०७८।१०।१</td><td>१६९२००</td><td>५६४६८</td></tr>
<tr><td>२</td><td>आ. वि . तामाखर्क</td><td>२२५६६८</td><td>२०७८।१०।१</td><td>१६९२००</td><td>५६४६८</td></tr>
<tr><td>३</td><td>माझगाउँ आ. वि .</td><td>२२५६६८</td><td>२०७८।१०।२१</td><td>१५०४००</td><td>७५२६८</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>६७७००४</td><td></td><td>४८८८००</td><td>१८८२०४</td></tr>
</table></td><td>१८८२०४</td></tr>
<tr><td>३६.४</td><td></td><td></td><td>वढी तलव भुक्तानीःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका विद्यालयलाई शिक्षकको तलव निकासा गर्दा विद्यालयले पेश गरेको माग फारम भन्दा बढी रकम भुक्तानी गरेकोले बढी भएको रकम असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>गो. भौ . नं .</th><th>विद्यालयको नाम</th><th>निकासा भएको त्रैमासिक</th><th>निकासा भएको रकम</th><th>माग भएको रकम</th><th>बढी निकासा रकम</th></tr>
<tr><td>२१-२०७८।६।१८</td><td>मावि ताप्लीचिसापानी</td><td>पहिलो त्रैमासिक</td><td>१३२९५९५</td><td>१२८४४२०</td><td>४५१७५</td></tr>
</table></td><td>१०९१७५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			६५- | मावि फुस्रे | दोश्रो त्रैमासिक | १०५३७४० | ९८९७४० | ६४०००	
			| जम्मा | | २३८३३३५ | २२७४१६० | १०९१७५	
३६.५			**सोझै खरिदः**सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने व्यवस्था रहेको छ । पालिकालेGPE को सहयोगमा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई देहाय बमोजिम कम्युटर तथा प्रिन्टर खरिद गरी वितरण गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक विभिन्न फर्मबाट खरिद गरी रु. २८४२५७५/- भुक्तानी भएको पाइयो ।प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गरेको अनियमित देखिएको रु.	२८४२५७५

गो. भौ . नं .	खरिद गरिएको शीर्षक	कम्युटर संख्या	भुक्तानी रकम	पिन्टर संख्या	भुक्तानी रकम	जम्मा भुक्तानी
९०-२०७८।११।९	इन्टरफेश कम्युटर सिस्टम	६	४८८१६०	०	०	४८८१६०
९१-२०७८।११।९	इनटरफश आइटी सोलुसन	६	४८८१६०	०	०	४८८१६०
९२-२०७८।११।९	ए आर ट्रेडर्स एण्ड सप्लायर्स	२	४२९४००	२	६८९३०	४९८३३०
९३-२०७८।११।९	मेघा इन्फोसिस	०	०	१४	४८२५७०	४८२५७०
९४-२०७८।११।९	नेपाल ट्रेडर्स	६	४८८१६०	०	०	४८८१६०
९५-२०७८।११।९	लहान अफिस अटोमेशन सेन्टर	१	१७६२८०	२	६८९३०	२४५२१०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३१-
२०७९।३।२१</td><td>इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स</td><td>१</td><td>१२६५६०</td><td>१</td><td>२५४२५</td><td>१५१९८५</td></tr>
<tr><td></td><td></td><td>२२</td><td>२१९६७२०</td><td>१९</td><td>६४५८५५</td><td>२८४२५७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६.६</td><td>१३८</td><td>२०७९-१-१३</td><td>दाखिला नभएको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकालेदेहायको विद्यालयहरुलाई निकासा गरेको रकमबाट खरिद गरिएका सामाग्रीहरु विल भरपाई तथा दाखिला भएको विवरण लेखापरीक्षणका क्रममा पेश भएन । पालिकाले विद्यालयलाई निकासा गरेको रकमबाट सामाग्री खरिद भएको यकिन तथा दाखिला समेत गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>माध्यमिक विद्यालय कटहरे</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>आधारभूत विद्यालय थुम्कीडाँडा</td><td>सूचना प्रविधि</td><td>६५००००</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>१३०००००</td></tr>
</table>
</td><td>१३०००००</td></tr>
<tr><td>३६.७</td><td>१६३</td><td>२०७९-२-२९</td><td>इन्ट्रायाक्टिभ प्यानल वोर्ड खरिद: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा एक लाख रुपैया भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले GPE को सहयोगमा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्सबाट २ थान इन्ट्रायाक्टिभ प्यानल वोर्ड खरिद गरी रु. ६९९४७०/- भुक्तानी गरेको पाइयो । प्यानल बोर्ड खरिद गर्नु अघि लागत अनुमान स्वीकृत तथा खरिद गरेको उक्त वोर्डको स्पेशिफिकेशन तयार नै नगरी ३ वटा विक्रेताले पेश गरेको दररेटको आधारमा खरिद गरेको पाइयो । खरिद गरिएको सामाग्रीको गुणस्तर तथा वरेन्टि सम्बन्धमा केही उल्लेख भएको देखिएन । लागत</td><td>६९९४७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुमान तयार नगरी प्रतिस्पर्धा वेगर खरिद गरिएको वोर्डको सप्लाई पछी पनि गुणस्तर परीक्षण नगराई खरिद भएको अनियमित देखिएको रु</td><td></td></tr>
<tr><td>३६.८</td><td>२६७</td><td>२०७९-३-२५</td><td>स्यानिटरी प्याडः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मासार्वजनिक निकायले खरिद कारवाहीको तयारी गर्दा आवश्यक्ता पहिचान गर्ने खरिदको आर्थिक श्रोत र रकम पहिचान गर्ने खरिद विधि छनौट गर्ने लगायतको कार्य गर्नुपर्ने गरी तोकिएको छ । साथै सशर्त शिक्षा(संघ)तर्फको बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा तोकिएनुसार गर्नुपर्ने समेतको व्यवस्था छ । पालिकाले वर्षान्तमा१४६३२ प्याकेट खरिद गरी रु ९९९९९३/ रकम भुक्तानी भएको छ । उक्त प्याड स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा गुणस्तर परिक्षण समेत गरेको पाईएन । लेखापरीक्षण अवधि सम्म ८५२० प्याकेट विद्यालयमा हस्तान्तरण गरेको पाईयो । आवश्यक्ताको पहिचान बेगर खरिद गरिएको प्याड कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम मौज्दात रहेको प्याड विद्यालयहरुमा हस्तान्तरण गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.९</td><td>२६३</td><td>२०७९-३-२५</td><td>पान विलको आधारमा भुक्तानोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले बीस हजार भन्दा बढी कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले पि.एण्ड पि. सप्लायर्सबाट ECD कक्षा व्यवस्थापनका लागि ५२२ थान पाठ्यपुस्तक छपाइ गरी रु. ३१३२००/- भुक्तानी गरेको छ । सप्लायर्सले कानून बमोजिक मूल्य अभिववृद्धि कर विजक जारी नगरी पान विलका आधारमा भुक्तानी गरेको पाइयो । पालिकाले उक्त पुस्तक वितरण गरेको भरपाई पेश भएको छैन । कानून तोके बमोजिमको कर विजक पेश नगरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु
<table>
<tr><td>क्र.स.</td><td>पान विल नं. र मिति</td><td>पान नं</td><td>विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>१५- २०७८।२।१५</td><td>६०९२४९७०१</td><td>छपाई</td><td>१५६६००</td></tr>
<tr><td>२</td><td>२६- २०७९।३।१०</td><td>६०९२४९७०१</td><td>छपाई</td><td>१५६६००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>३१३२००</td></tr>
</table></td><td>३१३२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.१०</td><td>१७७</td><td>२०७९-२-९</td><td>वालविकास केन्द्र व्यवस्थापनःकार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विशेष अनुदान अन्तर्गत देहायको विद्यालयलाई वालविकास केन्द्र व्यवस्थापनको लागि ७५००००/-का दरले रु १५०००००/- निकासा पाइयो । पालिकाले सो अनुदान खर्च भएको सम्बन्धमा अनुगमन भएको देखिएन । पालिकाले अनुगमन गरी अनुदान रकम उपयोगको सुनिश्चितता गर्नुपर्दछ ।
<table>
<tr><td>क. स .</td><td>विद्यालयको नाम</td><td>अनुदान रकम</td></tr>
<tr><td>१</td><td>महेन्द्र आवि</td><td>७५००००</td></tr>
<tr><td>२</td><td>सरस्वती मावि</td><td>७५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.११</td><td></td><td></td><td>विद्यालय संचालन अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं. २.७.१३.१३. सि.नं. ९.१० मा शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ठ अनुदान रु. १० लाख निकासा गर्ने र यस पूर्व कुनै पनि दरवन्दी तथा अनुदान प्राप्त नगरेको सुनिश्चित गरेर मात्र निकासा दिने व्यवस्था रहेको छ । पालिकाले देहायका विद्यालयलाई एकमुष्ठ अनुदान रु. १० लाख उपलब्ध गरे पनि निर्देशिकामा व्यवस्था नभएको थप विद्यालय संचलान अनुदान उपलब्ध गराएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>गो. भौ . नं .</td><td>विद्यालयको नाम</td><td>निकासा भएको शिर्षक</td><td>रकम</td></tr>
<tr><td>१७७-२०७९।३।९</td><td>कौशिला आवि बरभञ्याङ फुर्के</td><td>विद्यालय संचालन खर्च</td><td>३७०००</td></tr>
<tr><td>१७७-२०७९।३।९</td><td>सगरमाथा आवि वेतिनी</td><td>विद्यालय संचालन खर्च</td><td>३७०००</td></tr>
</table></td><td>१६३०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१७७-२०७९।३।९</td><td>महकाली आवि गैरीगाउँ</td><td>विद्यालय संचालन खर्च</td><td>३७०००</td></tr><tr><td>१७७-२०७९।३।९</td><td>सरस्वती आवि मडिरे</td><td>विद्यालय संचालन खर्च</td><td>३७०००</td></tr><tr><td>१३८-२०७९।१।१३</td><td>सरस्वती आवि मडिरे</td><td>मसलन्द</td><td>१५०००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>१६३०००</td></tr></table></td><td></td></tr>
<tr><td>३६.१२</td><td>२२१</td><td>२०७९-३-२१</td><td>विलभरपाई पेश नभएको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विशेष अनुदानबाट प्राप्त रकम गुणस्तरीय शिक्षा कार्यक्रमको लागि आधारभूत विद्यालय जतनपुरलाई रु ९६०००/- भुक्तानी गरेकोमा विल भरपाई पेश नभएकोले विल भरपाई पेश गर्नुपर्ने रु</td><td>९६०००</td></tr>
<tr><td>३६.१३</td><td>२४५</td><td>२०७९-३-२४</td><td>विद्यालयको भवन निर्माण: विशेष अनुदान सम्बन्धी कार्यविधी २०७५ को दफा दफा ८(२) मा विशेष अनुदाबाट प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । पालिकाले विशेष अनुदानबाट प्राप्त रकम गुणस्तरीय शिक्षा कार्यक्रम अन्तर्गत महेन्द्ररत्न माविको भवन निर्माण गरी रु १९२००००।— भुक्तानी भएको छ । उक्त रकम विद्यालयमा निकासा गरेता पनि विद्यालयले उपभोक्ता समिति मार्फत निर्माण गरेकोले कार्यविधि विपरित खर्च गरेको रकम नियमसंगत नदेखिएको रु.</td><td>१९२००००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायत यस वर्ष १६ योजना संचालन गरी ९२ जनालाई न्यूनतम</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२० दिन देखि अधिकतम १०० दिन सम्मको पारिश्रमिक वापत रु. ४९९३३१७/-खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
३८	२०९	२०७९-३-२०	**आखाँ नाक कान घाँटी सम्बन्धी कार्यक्रम** स्वास्थ्य सम्बन्धी स्थानीय तहहरुको कार्यक्रम सञ्चालन मार्गदर्शन २०७८ अनुसार न्यूनतम स्वास्थ्य सेवाको मापदण्ड कार्यक्रम संचालन तथा सुदृढीकरणका लागि ६५ प्रतिशत आँखा नाक कान घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण तथा विद्यालय स्क्रिनिङ कार्यक्रमका लागि ३५ प्रतिशत बजेट विनियोजन गरेको छ । यस वर्ष उक्त शीर्षकमा रु. ३५००००/- वजेट प्राप्त भएको पाइयो । पालिकाले न्यूनतम स्वास्थ्य सेवाको मापदण्ड कार्यक्रम संचालन गरी रु. २४८४५०/- खर्च गरेको छ । आँखा नाक कान घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण तथा विद्यालय स्क्रिनिङ कार्यक्रमका संचालन भएको पाईएन । मापदण्डमा उल्लेख भए बमोजिमको कार्यक्रम संचलान गरी प्राप्त अनुदानको उपयोग हुनुपर्दछ ।	
३९	३२७	२०७९-२-१४	**तालिम संचालन खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । खाजा खर्च वापतको रकम भनी राजेश दनुवारलाई ११५९००/- भुक्तानी गरेको पाइयो । पालिकाले सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आधारभुत २ दिने तालिम वापत भुक्तानी भएको उल्लेख गरेता पनि सो कार्यक्रममा भएको खर्च रकम भुक्तानी भएको रकम तथा उपस्थितिको विवरण पेश नगरेकोले उक्त खाजा खर्च भुक्तानी वापतको दोहोरो खर्च पर्न सक्ने भएको हुँदा उक्त भुक्तानीको प्रमाण पेश गर्नुपर्ने रु	११५९००
४०	२०४	२०७९-३-११	**रात्रीकालीन भत्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वर्थिङ सेन्टरमा रात्रीकालिन डिउटी गरेको वापत रु. ७२०००।- भुक्तानी गरेको छ । डिउटी रोस्टर हाजिरी विवरण रकम माग भएको कागजात पेश नभएकोले उक्त प्रमाण पेश हुनपर्ने रु.	७२०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**औषधि खरिद तथा व्यवस्थापन** **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १२९९२१६।- का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश देखिएन । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने देखिएन । तसर्थ औषधिको खरिद आपूर्ती दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४२			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले कृषकको नाम नामेसी सहितको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने तथा समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तथा पशु कार्यक्रममा उपलब्ध गराएको अनुदान सम्बन्धमा अध्यावधिक विवरण तयार गरी राखेको पाइएन । यसरी अभिलेख अद्यावधिक नहुँदा एकै फर्म तथा ब्यक्तिलाई पटक पटक अनुदान जाने सक्ने जोखिम हुने भएकोले पालिकाबाट अनुदान वितरण अभिलेख अद्यावधिक गरी समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाबाट यस वर्ष अनुदान प्रदान गरेको उदाहरण यस प्रकार रहेका छन्:	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गोश्वारा भौचर</th><th>अनुदानग्राहीको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१८२-
२०७९।३।२४</td><td>नमुना कृषक समूह</td><td>अदुवा पकेट कार्यक्रम</td><td>५४००००</td></tr>
<tr><td>१८६-
२०७९।३।२४</td><td>लाफा कृषि पकेट समन्वय समिति</td><td>तरकारी पकेट</td><td>५४००००</td></tr>
<tr><td>२१७-
२०७९।३।२१</td><td>हिमचुली कृषक समूह</td><td>तरकारी पकेट समूह</td><td>५४००००</td></tr>
<tr><td>२००-
२०७९।३।१९</td><td>परिवर्तनशील कृषि सहकारी संस्था लि.</td><td>अदुवा पकेट कार्यक्रम</td><td>५४००००</td></tr>
<tr><td>२५५-
२०७९।३।२४</td><td>पकेट संचालन समन्वय समिति</td><td>वाखा पकेट कार्यक्रम
निरन्तरता</td><td>६४००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन। **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। **अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।	
४३.२			**भत्ता वितरण माध्यमः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २१ मा स्थानीय तहले नेपाल सरकारले राजपत्रमा मिति २०७७।७।२४ मा प्रकाशित अनुसूची-९ बमोजिमको सूचना अनुसार भत्ता वितरण गर्नुपर्ने उक्त कार्यविधिको अनुसूची-९ को (ग) मा रौतामाई गाउँपालिकले मिति २०७८।४।१ देखि अनिवार्यरुपमा बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष पहिलो त्रैमासिक भत्ता वितरण वडा सचिवहरुको नाममा रु. ११६२३०५१/- लिई भरपाई मार्फत रु. ११३१०१६७/- वितरण गरी बाँकी रकम रु.३१२८८४/- फिर्ता गरेको पाइयो । अन्य त्रैमासिकको रकम बैकिङ्ग मार्फत् वितरण भएको छ । निर्धारित समयभन्दा ढिलो गरेर बैकिङ्ग प्रणालीबाट बितरण भएको पाइयो । यसवर्ष सामाजिक सुरक्षा भत्ता रकम रु . ४४३५१४३८।- खर्च भएकोमा नेपाल सरकारबाट निकासा भएको रु ४२०३८६१२।- र नपुग रकम रु २३१२८२६।- गाउँपालिकाबाट भुक्तानी भएको देखियो । बजेट बाँकी रहेको अवस्थामा पालिकाले निकासा नलिइ संघीय सरकारबाट व्ययभार भएको रकम पालिकाबाट खर्च गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**प्रकोप व्यवस्थापन कोष** पालिकाले कुनै पनि कोष संचालन गर्नका लागि मापदण्ड तथा कार्यविधि तयार गरेर मात्र संचालन गरीनु पर्दछ । पालिकाको प्रकोप व्यवस्थान कोषबाट रु. ४९१३००१/- खर्च भएको सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छनः • विभिन्न संचार माध्यमहरुलाई कार्यालयको विज्ञापन सन्देशमूलक सूचना पंजिकरण सम्बन्धी सूचना शुभकामना संदेश लगायतका सूचनाहरु प्रसारण गरेको तथा छपाएको भनि कार्यालयबाट रु. ५४९३८०/- भुक्तानी दिएको पाइयो । कार्यालयले भुक्तानी दिएको मिडियाहरुसंगको संझौता प्रकाशन तथा प्रसारण गरेको विवरण पेश भएको छैन । • प्रेस चौतारी नेपाल-उदयपुरलाई पत्रकार र जनप्रतिनिधिहरुको अन्तरकृया कार्यक्रम संचालन गर्नका लागि भुक्तानी रु. १०००००/- सुनकोशी युवाक्लवलाई खेलकुद कार्यक्रम संचालनबापत भूक्तानी भएको रु. ५००००/- आर्थिक सहायता रु. ३२१७००/- भुक्तानी भएको कानून आधार नभएकोले भुक्तानी दिएको रकम नियमसंगत देखिएन । • उल्लेखित खर्चहरु कोषबाट भएकोमा कार्यविधि वनाएको छैन । कार्यविधि बेगर कोषबाट भएको खर्च नियमिति मात्र सक्ने आधार देखिएन ।	
४५			**लघुउद्यम कार्यक्रम**	
४५.१	२०५	२०७९-३-१९	**प्रविधि हस्तान्तरणः** गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचलान निर्देशिका २०७७ को परिच्छेद-४ को दफा २८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२)मा उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ । यस वर्ष प्रविधि हस्तान्तरण अन्तर्गत पालिकाले महकाल मछिनो तथा जडीबुटी प्रसोधन तेल उद्योगलाई रु. १४००००/— भूक्तानी गरेकोले निर्देशिकामा तोकिएको उद्यमीले व्यहोर्नुपर्ने अंशमा छुट दिएको पाइयो । संघीय सशर्त तर्फको कार्यक्रम संचालन गर्दा तोकिए बमोजिम नै हुनुपर्ने रु	२८०००
४५.२	११०	२०७८-१२-१३	**बहुक्षेत्रीय पोषण कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सुनौलो हजार दिनका आमाहरुलाई कुखुराको भाले घ्यू तथा ज्वानो खरिद गरी रु १०००००/- खर्च गरेको पाइयो । वितरण गरिएको सुनौलो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			हजार दिनको आमाहरुको कार्यक्रमको दायराभित्रका भएको प्रमाण पेश भएन । वितरण गरिएका सामानहरु प्राप्त गर्ने लाभग्राही एकिन हुनपर्दछ ।	
४६			**सोझै खरिद** सार्वजनिक खरिद नियमावलीको नियम ८५ वमोजिम पाँचलाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा माल सामान सोझै खरिद गर्न सक्ने व्यवस्था गरेको छ। तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्याक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ। तर पालिकाले पटक पटक उक्त सिमा भन्दा बढीको एकै फर्मसंग निम्नअनुसारको मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि खरिद गरेको नियमसंम्मत नदेखिएको रु	२०५५२४४

गो. भौ. न.	मिति	विवरण	सामाग्रि	भुक्तानी रकम
३	१३-०६-७८	लक्ष्मी छापाखाना	मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि	२९६०३२.५
३९	१३-०६-७८	लक्ष्मी छापाखाना	मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि	४१४७८०.
३६	१५-०७-७८	लक्ष्मी छापाखाना	मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि	९८५००.००
१५५	१५-०७-७८	लक्ष्मी छापाखाना	मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि	१९६३०२.
४०	१०-०८-७८	लक्ष्मी छापाखाना	मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि	२१७०७९.६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८९</td><td>१०-०८-७८</td><td>लक्ष्मी छापाखाना</td><td>मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि</td><td>७७५०२.४०</td></tr>
<tr><td>११३</td><td>०१-१२-७८</td><td>लक्ष्मी छापाखाना</td><td></td><td>१९६९६४.५</td></tr>
<tr><td>३९</td><td>२५-१२-७८</td><td>लक्ष्मी छापाखाना</td><td>मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि</td><td>६७३४६.००</td></tr>
<tr><td>११६</td><td>२५-०३-७९</td><td>लक्ष्मी छापाखाना</td><td>मसलन्द तथा कार्यालय संचालन सम्बन्धी समाग्रि</td><td>९८५६६.००</td></tr>
<tr><td>५३</td><td>०५-११-७८</td><td>लक्ष्मी छापाखाना</td><td>कार्यालय सामाग्री खरिद र फर्निचर तथा फिक्चर्स</td><td>१९६०९९.</td></tr>
<tr><td>३००</td><td>०४-०३-७९</td><td>लक्ष्मी छापाखाना</td><td>कार्यालय सामाग्री खरिद</td><td>१९६०७२.</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२०५५२४४.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>null</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>हेभी मेसिन प्रयोग
सार्वनविक खरिद नियमावली २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिवाट संचालन हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिस्ट्रिव्युटर जस्ता हेभी मेसिन प्रयोग गर्न नसकिने व्यवस्था गरेको छ । पालिकाले लागत अनुमान गर्दाको अवस्थामा नै हेभि मेसिनको दर लिएर लागत अनुमान तयार गरेको देखियो। उपभोक्ता समितिले निम्न अनुसारका व्यवसायीको हेभिमेसिन प्रयोग गरी निर्माण कार्य गराएको देखियो। उपभोक्ता समितिवाट निर्माण कार्य गराउँदा हेभिमेसिनको प्रयोग गर्नु नपर्ने उपभवक्ता समितिवाट निर्माण कार्य गराउँला मितव्ययी गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने तथा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने किसिमका कार्य मात्र उपसमितिवाट गराउनु पर्दछ। पालिकाले नियमावली पालनागरी निर्माण कार्य गराउनुपर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>मिति</td><td>भौ. नं.</td><td>विवरण</td><td>निर्माण व्यवसायी</td><td>हेभि मेसिन संचालन वापतको भुक्तानी रकम</td><td>वास्तविक काम</td></tr><tr><td>२०७९।३।२१</td><td>३८६</td><td>नरिमाला लेखगाउँ सडक</td><td>चुलीथाम कन्ट्रक्सन</td><td>३०००१५०</td><td>५९३५०४०</td></tr><tr><td>२०७९।३।२१</td><td>३९०</td><td>आरुवोट ओडारे सडक निर्माण</td><td>चुलीथाम कन्ट्रक्सन</td><td>२८५३२५</td><td>३५४६७०</td></tr><tr><td>२०७८।१२।१४</td><td>१४०</td><td>आमवोटे भिरगाउँ सडक उस</td><td>त्रिवेणी ईन्जिनियरिङ एण्ड सप्लायर्स</td><td>१९२०००</td><td>२३४६०४</td></tr><tr><td>२०७८।११।३०</td><td>९८</td><td>धारापानी धपेनी सडक निर्माण</td><td>राजेश एण्ड विसाल निर्माण सेवा</td><td>७६५०००</td><td>९२२८१०</td></tr><tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४२४२४७५</td><td>७४४७१२४</td></tr></table>	
४९			**पर्यटन पुर्वाधार बिकास कार्यक्रम** उपभोक्ता समितिबाट पर्यटन पुर्वाधार बिकास निर्माणसम्बन्धी कार्य गराउने कार्यविधि २०७१ (संशोधन सहित) को १.२ मा उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यक्रमहरु कार्यान्वयन गर्दा उक्त योजनाको लागि विनियोजन भएको (कन्टेन्जेन्सि वाहेकको) रकमको न्युनतम २० प्रतिशत वरावरको श्रम कार्य वा निर्माण सामाग्री वा सो वरावरको रकम योगदान उपभोक्ता समितिको तर्फ बाट गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले आदिवासी जनजाति पर्यटन पूर्वधार भवन निर्माण कार्यको लागत अनुमान रु १०११२५४ भएको वास्तविक काम रु १०११६८९ को सम्पन्न गरेकोमा पालिकाले रु ८६४००० भुक्तानी गरेको छ। उपभोक्ता अंश रु १४७६८९ मात्र कट्टा गरेकोमा कार्यविधि अनुसारको उपभोक्ता समितिको अंश रु २०२३३७ कट्टा गर्नुपर्नेमा रु ५४६४९ घटी कट्टा गरेको देखिएकोले वढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु	५४६४९
५०			**एज विल्ड ड्रईङ**	१२३४५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			महिला भवन निर्माण कार्य ठेक्का नं ४-२०७८।७९ को लागत अनुमान रु २३७९६६८।३७ भएकोमा त्रिवेणी ईन्जिनियरिङ एण्ड सप्लायर्स प्रालिसंग रु २३६४८०५ मा संझौता गरेकोमा निर्माण कार्य सम्पन्न गरेको छ। संझौताको SCC को GCC ५६.२ अनुसार एज विल्ड ड्रईङ पेश नगरेमा रु ५०००० कट्टा गर्ने उल्लेख गरेकोमा एज विल्ड ड्रईङ पेश भएन। साथै आईटम नं ४ पिएस आईटम विमा वापत रु ७३४५० भुक्तानी गरेकोमा विमा पोलिसी तथा विल पेश भएन । उल्लेखित कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	
५१			**पि एस खर्चको बिल** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार कार्यको लागत अनुमान रु १७१६१८४१।४२ रहेकोमा वोलपत्रको माध्यमद्वारा प्रयण कन्ट्रकसनसंग रु १३२३१७२८।७५ मा मिति २०७९।३।१८ मा कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा निर्माण कार्य सम्पन्न गरेको छ। संझौताको विओ क्युमा पि एस आईटममा रु १२५००० रकमको लागत अनुमान गरेकोमा रु ९७१४४ खर्च गरेको देखियो । पि एस आईममा गरेको खर्चको पालिकाले विल विजक समेत संलग्न राखि भुक्तानी गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले पि एस आईटममा गरेको खर्च पुस्टयाई गर्ने कागजात पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	९७१४४
५२			**मूल्य समायोजन** प्रशासकिय भवन निर्माण कार्यको लागत अनुमान रु ६८३३८७७१।२१ भएकोमा वोलपत्रको माध्यम द्वारा आशिर्वाद सगरमाथा जेभिसंग रु ६५०९०६६०।५५ मा मिति २०७९।३।१० मा कार्य सम्पन्न गर्नेगरी संझौता गरेकोमा मिति २०७९।१२।९ सम्म म्याद थप गरेको देखियो। पालिकाले वोलपत्र कागजातमा मुल्यसमायोजन दिनेगरी वोलपत्र आह्वान गरेतापनि निर्माण व्यवसायीसंगको संझौताको SCC को ४५.१ मा मुल्य समायोजन नदिने गरी संझौता गरेको देखियो। ५ औं रनिङ विल सम्मको भुक्तानी गर्दा सम्म मुल्य समायोजन वापत रु २१११५३६।९३ भुक्तानी गरेको देखियो। तसर्थ संझौतामा उल्लेख नभएको मुल्य समायोजन वापतको भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु	२१११५३६.९३
५३			**महिला भवन निर्माण**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण कार्यको अन्तिम भुक्तानी दिनु अघि मलेप फारम नं ५१० को ढांचामा कार्य स्वीकार प्रतिवेदन दिनुपर्ने व्यवस्था गरेको छ। महिला भवन निर्माण कार्यको लगत अनुमान रु ५६९२१२१।१९ भएकोमा त्रिवेणी ईन्जिनियरिङ एण्ड सप्लायर्स संग रु२७९९६३८।२९ मा संझौता गरी निर्माण कार्यको अन्तिम भुक्तानी गरेकोमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन। कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।
सार्वजिनिक खरिद नियमावली २०६४ को नियम १२३ विल विजकको भुक्तानी गर्ने व्यवस्था गरेको छ। भवनको लागत अनुमान तयार गर्दा १ Job को आधारमा विद्युतिकरण र पानी जडान कार्यको प्रत्येकको रु ५०००० दरले राखी भुक्तानी गरेको देखियो। तर एक कार्यको आधारमा भुक्तानी गरेकोमा वृस्तृत लागत अनुमान नगर्दा वास्तविक कामको आधारमा लागत अनुमान तयार गरी सोहि आधारमा प्रतिस्पर्धा गराई सम्पन्न कामको आधारमा भुक्तानी दिनुपर्नेमा एक कार्यको आधारमा भुक्तानी दिएको देखियो। विस्तृत लागत अनुमानका आधारमा तयार गरी निर्माण कार्य गराउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएकोकार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको विमा तथा कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन।कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।
<table>
<tr><th rowspan="2">ठेक्का नं</th><th rowspan="2">कामको विवरण</th><th rowspan="2">निर्माण व्यवसायीको नाम र ठेगाना</th><th colspan="2">कार्य सम्पादन जमानत</th><th rowspan="2">काम समाप्त गर्नुपर्ने मिति</th><th rowspan="2">कार्य सम्पन्न भएको मिति</th><th rowspan="2">लागत अनुमान रकम</th><th rowspan="2">सम्झौता रकम</th></tr>
<tr><th>रकम</th><th>म्याद सकिने मिति</th></tr>
<tr><td>०१/०७८-७९</td><td>बिधुत बिस्तार काम</td><td>प्रयण कन्स्ट्रक्सन खडक न.पा. ५ सप्तरी</td><td>१३९५७५५</td><td>२०७९/०८०१</td><td>०३-१५-२०७९</td><td>०३-१४-२०७९</td><td>१७२८६८४१.४३</td><td>१३२२१५५८.७५</td></tr>
<tr><td>०३/०७८-७९</td><td>नयाँ बाटो खन्ने काम</td><td>डी.सी. कन्स्ट्रक्सन कटारी न.पा.१३ उदयपुर</td><td>पेश नगरेको</td><td>०८-१२-२०७९</td><td>०३-१६-२०७९</td><td>१२-१२-२०७८</td><td>१५०८८२७.३२</td><td>५७६६३२.३०</td></tr>
<tr><td>०२/०७८-८०</td><td>भवन निर्माण</td><td>त्रिबेणी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि. कटारी न.पा. ४ उदयपुर</td><td>पेश नगरेको</td><td></td><td>०३-१५-२०७९</td><td>२०७९/०३१२</td><td>५७३७३२७</td><td>२७९९६३८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४०/०७८-८१</td><td>भवन निर्माण</td><td>त्रिबेणी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि. कटारी न.पा. ४ उदयपुर</td><td>११८२४०</td><td>०३-१७-२०८०</td><td>०३-२६-२०७८</td><td>०३-२०-२०७९</td><td>२३७९६६८</td><td>२३६४८०५</td></tr>
<tr><td>४०/०७८-८२</td><td>भवन निर्माण</td><td>आशिरवाद / सगरमाथा जे.भी.</td><td>३२५४५३३</td><td>१२-०४-२०७९</td><td>०३-१०-२०७९</td><td></td><td>६८३३८७७१.१९</td><td>६५४५५६६०.५५</td></tr>
<tr><td>४०/०७८-८३</td><td>भवन निर्माण</td><td>रौताहा कन्स्ट्रक्सन प्रा.लि. त्रियुगा न.पा. ११ उदयपुर</td><td>९६९७७००</td><td>०१-२५-२०८०</td><td>१२-२५-२०८०</td><td></td><td>७९४३९६२०.८६</td><td>५३४९८६००.२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अध्ययन गराएको खर्च
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजा अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले गाउँपालिकामा रहेको ताप्ली पोखरीको ऐतिहासिक महत्व र हालको अवस्थाको वारेमा जानकी मिडिया हवलाई रु १७५००० रकम भुक्तानी गरेको छ। पालिकाले रकम भुक्तानी गर्दा गाउँपालिका भवन निर्माण शिर्षकवाट तोकिएको खरिद प्रकृया पालना नगरी खरिद गरेकोमा लागत अनुमान कार्य विवरण तथा संझौता समेत गरेको देखिएन। उक्त मेडियाले उक्त पोखरीको सम्वन्नधमा ५ पानाको प्रतिवेदनका आधारमा मात्र भुक्तानी गरेको अनियमित देखिएको रु</td><td>१७५०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>विद्यालय अनुदान- निम्न अनुसारका विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फको विद्यालय भवन निर्माण तथा आई टि ल्याव स्थापना कार्यकोलागि अनुदान दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेशहुनुपर्ने रु
<table>
<tr><td>भौचर नं</td><td>मिति</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>११२</td><td>२०७९।३।२४</td><td>श्री माद्यमिक विद्यालय ताप्ली</td><td>२३५००००</td></tr>
<tr><td>९१</td><td>२०७९।३।९</td><td>आई टि ल्याव स्थापना कार्यक्रम</td><td></td></tr>
</table>
</td><td>३६५००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>श्री मा वि कटहरे</td><td>६५००००</td></tr>
<tr><td></td><td></td><td>श्री मा वि झिल्के पोखरी</td><td>६५००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३६५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>खर्च पुष्टयाई
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजा अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।
गाउँपालिकाले एम्वूलेन्स खरिद शिर्षकवाट शिविर संचालन गर्न कटारी आस्था मेडिको वाट रु १३७३८७ र ॐ मनकामना फर्मावाट रु ३७१४७४ गरी जम्मा रु ५०८८६१ औषधि वापत तथा विराटनगर अस्पताल प्रालिलाई शिविर संचलन गर्न आवश्यक उपकरण वापत रु ५०००० गरी जम्मा रु ५५८८६१ खर्च गरेको देखियो। औषधि खरिद गर्दा तोकिएको प्रकृयावाट लागत अनुमान तयार गरी दररेट लिएर न्युनतम कवोल कर्तासंग खरिद गर्नुपर्नेमा तोकिएको खरिद प्रकृया अपनाएको देखिएन। साथै खरिद गरेको औषधि खपत तथा वाकी रहेको औषधि पुष्टयाई गर्ने कागजात समेत पेश भएन। अस्पतालवाट ल्याईएको उपकरणको विवरण खुल्ने कागजात तथा संझौता लगायत खर्च पुष्टयाई गर्ने कागजात पेशहुनुपर्ने रु</td><td>५५८८६१</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बिल भरपाई
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजा अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ।
पालिकाले वृतचित्र निर्माण कार्यको लागि जनतासंग भेटघाट कार्यक्रम रु १५०००० र कोरोना रोकथाम कार्यक्रमवाट रु १००००० गरी जम्मा रु २५०००० खुलासा मेडिया प्रालिलाई भुक्तानी गरेको देखियो। तर वृत्तचित्र निर्माण कार्य गर्न कार्यक्रम स्वीकृत गरेको देखिएन। साथै कानुनमा भए वमोजिम खरिद प्रकृया पालना गरी संझौता गरेको देखिएन। साथै डकुमेन्ट्रि जिन्सी खातामा दाखिला गरेको समेत नदेखिएकोले रु २५००००</td><td>६६६५१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
साथै निम्नअनुसारको भुक्तानी गरेकोमा काशिराज खड्काको पेश्की फर्छ्योट गरेको तथा ईन्धन खरिद गरेकोमा बिल भरपाई संलग्न गरेको देखिएन। साथै डि आर सहिरा कलेक्सनवाट कपडा खरिद गरेकोमा वितरण गरेको भरपाई पेश हुनुपर्ने रु ४१६५१०
<table>
<tr><th>गो. भौ. न.</th><th>मिति</th><th>विवरण</th><th>सामाग्रि</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>४४०</td><td>२०७९।३।२५</td><td colspan="2">काशिराज खड्काको पेश्की फर्छ्योट</td><td>१०००००</td><td>बिल भरपाई नभएको</td></tr>
<tr><td>४२९</td><td>२०७९।३।२४</td><td>सुनकोशी आयल स्टोर्स</td><td>ईन्धन खरिद</td><td>६६५१०</td><td>बिल भरपाई नभएको</td></tr>
<tr><td>१७</td><td>२०७८।९।२२</td><td>डि आर सहिरा कलेक्सन</td><td>कपडा खरिद स्वीटर १२७ थान ट्रउजर १८० थान ज्याकेट १४० थान लगायत</td><td>२५००००</td><td>वितरण भरपाई पेश हुनुपर्ने</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४१६५१०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
डीपीआर
बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार रु. ६०९३०५६/- कार्य परामर्शदाताबाट गराई खर्च गरको छ ।
<table>
<tr><th>परामर्श दाताको नाम</th><th>योजनाको नाम</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययन निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>न्यू प्लानेट ईन्जिनियरिङ प्रा.लि.</td><td>गाउँपालिका स्तरिय औद्योगिक ग्राम</td><td>१५०००००.००</td><td>१४९७२५०.००</td><td>१६४४५८६७२.०२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फारसाईट ईन्जिनियरिङ सर्भिस प्रा.लि.</td><td>हगुवा लेखगाउँ यारीखोला मोटरेबल पुल</td><td>१३०००००.००</td><td>१३०००००.००</td><td>३१४०५०८.००</td></tr>
<tr><td>फारसाईट ईन्जिनियरिङ सर्भिस प्रा.लि.</td><td>IEE for sustainable extraction of sand stone and gravel from yarikhola sorungkhola gahate khola and sunkoshi river in Tapli municipality</td><td>१००००००.००</td><td>९९८०१६.००</td><td></td></tr>
<tr><td>ईनप्लान्डे सर्भिस प्रा.लि.</td><td>Initial environmental examination(IEE) Preparation of the various Road Bridge</td><td>१००००००.००</td><td>९९७७९०.००</td><td></td></tr>
<tr><td>न्यू प्लानेट ईन्जिनियरि सर्भिस प्रा.लि.</td><td>यारीखोला सतिजंघार मोटरेबल पुल</td><td>१३०००००.००</td><td>१३०००००.००</td><td>४६७५९९४९.१७</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६१०००००.००</td><td>६०९३०५६.००</td><td>२१४३५९१२९.१९</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ वमोजिम परामर्श सेवाको लागत अनुमान गर्ने सम्वन्धी व्यवस्था गरेको छ। तोकिए वमोजिम आधार लिएरमात्र लागत अनुमान तयार गर्नुपर्नेमा लागत अनुमान गर्दा लिएको आधार पेश भएन। विनियोजित बजेट बराबर नै लागत अनुमान तयार गरी खर्च गरेको देखियो। अध्ययन प्रतिवेदन तयार भएका केही आयोजनाहरु कार्यान्वयनमा गएको समेत देखिएन। यस आर्थिक वर्षमा मात्र रु २१ करोड ४३ लाख ५९ हजार लागत आवश्यक पर्ने गरीको डिपिआर प्रतिवेदन तयार गरेको देखियो।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सफ्टवेयर
नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो</td><td>२०००१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले निम्नअनुसारको २ वटा सफ्टवेयर खरिद गरी रु ५९९४६५ खर्च गरेको देखियो। तर राजस्व संकलन तथा दर्ता चलानी सम्वन्धी सफ्टवेयर संचालनमा रहेको जानकारी प्राप्त भएतापनी योजना तथा कार्यक्रम संचालन सम्वन्धी सफ्टवेयर संचालनमा रहेको देखिएन। साथै पालिकाले उक्त सफ्टवेयर जिन्सी दाखिला समेत गरेको देखिएन। सफ्टवेयर संचालन गर्दा निर्देशिकामा उल्लेख भए वमोजिम मानक अनुरुप भए नभएको सुचना प्रविधि विभागवाट स्वीकृत गराएर मात्र संचालनमा ल्याउनुपर्ने देखिन्छ।
योजना तथा कार्यक्रम संचालन सम्वन्धी सफ्टवेयर संचालनमा नल्याई खर्च गरेको देखिएको रु
<table>
<tr><th>मिति</th><th>भौचर नं</th><th>विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>१२-०७-२०७८</td><td>६</td><td>राजस्व संकलन तथा दर्ता चलानी सम्वन्धी सफ्टवेयर</td><td>सारथी टेक्नोसफ्ट</td><td>३९९४५५.</td></tr>
<tr><td>१२-०७-२०७८</td><td>७</td><td>योजना तथा कार्यक्रम संचालन सम्वन्धी सफ्टवेयर निर्माण</td><td>पुर्वाञ्चल डिजिटल मिडिया टेक्नोलोजिज प्रा लि</td><td>२०००१०.</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>५९९४६५.</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>अधुरो भवन
महिला भवन निर्माण कार्यको भुई तलाको लागत अनुमान रु ५६९२१२१।१९ गरी वोलपत्रको माध्यमवाट निर्माण कार्य सुचारु गरेकोमा त्रिवेणी ईन्जिनियरीङ संग रु २७५११८६ मा निर्माण कार्य गर्ने संझौता गरेको छ। तोकीएको निर्माण कार्य गराए पस्चात उक्त रकम फिर्ता गर्नुपर्नेमा फिर्ता नगरी पालिकाले पुन वचत रकमवाट सोहि भवनको माथिल्लो तलाको केही कामको मात्र रु २३७९६६८ को लागत अनुमान तयार गरी निर्माण कार्य गराएई रु २३५९२८६ खर्च गरेको देखियो। जसका कारण निर्माण कार्य अधुरो नै रहेको देखियो । वजेट व्यवस्था गरी उक्त अपुरो भवनको निर्माणकार्य सम्पन्न गरीनु पर्दछ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td>५४६००००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पस्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ। पालिकाले यस कार्यक्रम तर्फ यस आर्थिक वर्षमा रु ५५२०००० खर्च गरेकोमा १८३ परिवारलाई प्रथम किस्ता वापत तिस हजारका दरले रु ५४ लाख ९० हजार रकम उपलव्ध गराएकोमा निर्माण कार्य सम्पन्न गरेको देखिएन। निर्माण कार्य सम्पन्न गरी अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ। रु
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विवरण</th><th>डेबिट</th></tr>
<tr><td>०५-११-७८</td><td>१५</td><td>सुरक्षित नागरिक आवास कार्यक्रम :-प्रदेश नं. १ को उदयपुर जिल्ला क्षेत्र नं. २ अन्तर्गत ताप्ली गाउँपालिका- २९१ वटा</td><td>सुरक्षित नागरिक आवासको रकम बैंक जम्मा</td><td>५३७००००.</td></tr>
<tr><td>२७-११-७८</td><td>१९</td><td></td><td>खम्ब बहादुर मगर</td><td>३००००.००</td></tr>
<tr><td>३०-११-७८</td><td>२०</td><td></td><td>श्री पदम बहादुर सुनुवार</td><td>३००००.००</td></tr>
<tr><td>१३-१२-७८</td><td>२३</td><td></td><td>नागरिक आवास बापतको रकम भेष कुमार मगर</td><td>३००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>५४६००००.</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>गाडी भाडा खर्च
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। साथै कन्टिन्जन्सी खर्च गर्दा कार्यविधि स्वीकृत गराएरमात्र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले योजनातग रुपमा कन्टिन्जेन्सीको अभिलेख राखेको</td><td>१५३४८५६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखिएन। पालिकाले कन्टिन्जेन्सी खर्च सम्वन्धी कार्यविधि स्वीकृत गरेको देखिएन। पालिकाले गाउँपालिका भवन निर्माण गाउँपालिका भवन निर्माण सोधभर्ना भौतिक पुर्वाधार विकास र एम्बुलेन्स खरिद कार्यक्रमवाट मात्र विविध खर्च रु ५३९४६१ गाडी भाडामा लिएवापत रु ४६६७६० ईन्धनमा रु ५२८६३५ लगायतमा कन्टिन्जेन्सी खर्च गरेको देखियो। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्। • पालिकाले कार्यविधि तथा कार्यक्रम स्वीकृत नगरी उल्लेखित कार्यक्रमवाट मात्र विविध खर्च खाना तथा खाजा खर्च गरेको देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्ने रु ५३९४६१ • गाउँपालिकाले अनुगमन तथा ढुवानी कार्यको लागि गाडि भाडामा लिएवापत उल्लेखित शिर्षकहरुवाट रु ४६६७६० खर्च गरेको देखिएकोमा सवारीधनी तथा सवारी चालकको निवेदन र सवारीचालक अनुमती पत्रको आधारमा मात्र भुक्तानी दिएको देखियो। कुन कुन स्थानमा क कसले अनुगमन गरेको खुल्ने प्रमाण तथा कागजात र अनुगमन प्रतिवेदन वेगर निम्नअनुसारको भुक्तानी गरेको अनियमित देखिएको रु ४६६७६०	

मिति	भौ. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विवरण	डेबिट
१३-०१-७९	२२१	गाउँपालिका भवन निर्माण	सवारी धनि रन्जित पौडेल	३३०००.००
१३-०१-७९	२२३	गाउँपालिका भवन निर्माण	सवारीधनि रन्जित पौडेल	२२०००.००
१५-०३-७९	३४२	गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या		६००००.००
२७-०२-७९	२९१	गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या	सवारी धनि भक्त बहादुर खड्का	४८५००.००
२७-०२-७९	२८९	गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या	सवारी धनि रन्जित पौडेल	२७०००.००
०२-०३-७९	२९४	गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या	सवारीधनि रन्जित पौडेल	२२०००.००
२७-०२-७९	२९०	गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या	सवारी धनि रन्जित पौडेल	२०२००.००
१६-०१-७९	२४४	गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या	सवारी धनि शिसुराज ठकुरी	१६०००.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६-०१-७९</td><td>२४७</td><td>गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या</td><td>सवारी धनि शिशुराज ठकुरी</td><td>१३५००.००</td></tr>
<tr><td>१९-०३-७९</td><td>३७३</td><td>गाउँपालिका भवन निर्माण शोधभर्ना अल्या</td><td>सवारी चालक रन्जित पौडेल</td><td>९०००.००</td></tr>
<tr><td>१८-१२-७८</td><td>१६९</td><td>म्याचिङ्ग फण्ड</td><td>सवारी धनि रन्जित पौडेल</td><td>७२०००.००</td></tr>
<tr><td>२५-१२-७८</td><td>२१३</td><td>भौतिक पुर्वाधार विकास</td><td>सवारी चालक शिसु राज ठकुरी</td><td>२४०००.००</td></tr>
<tr><td>१९-०२-७९</td><td>२७७</td><td>भौतिक पुर्वाधार विकास</td><td>सवारी धनि भक्त बहादुर खड्का</td><td>३१०००.००</td></tr>
<tr><td>३०-११-७८</td><td>१०७</td><td>एम्बुलेन्स खरिद</td><td>सवारी धनी रन्जित पौडेल</td><td>४४०००.००</td></tr>
<tr><td>१७-१२-७८</td><td>१५८</td><td>एम्बुलेन्स खरिद</td><td></td><td>९०००.००</td></tr>
<tr><td>१८-१२-७८</td><td>१७१</td><td>एम्बुलेन्स खरिद</td><td>सवारी धनि शिसुराज ठकुरी</td><td>१५५६०.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४६६७६०.००</td></tr>
</table>

लकबुक समेत नराखी उल्लेखित कार्यक्रमवाट ईन्धनमा गरेको खर्च रु ५२८६३५
कन्टिन्जेन्सी खर्च कार्यविधि तथा कार्यक्रम स्वीकृत गरी कन्टिन्जेन्सीको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण— स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षमा देखिएको बेरुजू रु १० करोड २० लाख ४७ हजार सम्बन्धमा लेखापरीक्षण अवधिमा वेरुजू फछ्र्यौटको लागि पेश भएन । पालिकाले बेरुजू संपरीक्षण गरी लगत अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
</table>